# जातिय राज्य भित्र ओझेलमा परेको प्राकृतिक श्रोतको मुद्दा

ई. सुनिल कुमार पोखेल

- नेपालमा प्राकृतिक श्रोत सम्पदामा सबै भन्दा धनि जिल्ला कैलाली हो ।
- कैलाली जिल्ला पछि संखुवासभा, दोलखा, मुस्ताé, कास्की, मनाङ, सोलूखूम्बू, जाजरकोट आदि जिल्लाहरुमा पनि प्रचुर मात्रामा प्राकृतिक श्रोतहरु रहेका छन् ।
- प्रतिव्यक्ति प्राकृतिक श्रोतको संभाव्यताबाट प्राप्त हुन सक्ने अम्दानीको रुपमा विश्लेषण गर्दा मनाé, जिल्ला एक नं. मा आउंदो रहेछ ।
- प्राकृतिक श्रोत सम्पदाको सम्भावनाको बिश्लेषण गर्दा बाजुरा, रौतहट, सिराहा, धनुषा आदि जिल्लाहरु सबै भन्दा गरीब मध्ये पर्दा रहेछन् ।

हामीले अध्ययन अनुसन्धान नगरी हालसम्म बुझ्ने गरेको सोच र माथीका चार वटा बुंदामा धेरै फरक पाईन्छ । साधारणतया हामीले के बुझेका छौं भने नेपालको पहाडी जिल्लाहरु गरीब छन् र हिमाली जिल्लाहरु अति गरीब छन् । तराईका जिल्लाहरु कृषि उत्पादनका कारणले सम्पन्न छन् । तर विभिन्न जिल्लामा अवस्थित प्राकृतिक श्रोतको सबै संभावनाहरुलाई अध्ययन गर्दा र तिनीहरुको सकारात्मक दोहन पश्चात प्राप्त हुने राज्यको आम्दानीलाई सोही जिल्लाको आम्दानीमा हिसाब गर्दा नयां र फरक नतिजा आउंदो रहेछ । तल दिइएको नक्शामा निम्न प्राकृतिक श्रोतको संभाव्यताको बिस्तृत हिसाब गरी राज्यलाई आउने Royalty र Tax लाई सम्बन्धित जिल्लाको आम्दानीमा हिसाब गरी देखाइएको छ ।

१) जलबिद्युतको संभाव्यता

२) बनजंगलबाट हुने काठ दाऊराको आम्दानी

३) पर्यटनबाट हुने आम्दानी

क) राष्ट्रिय पार्क तथा संरक्षण क्षेत्रको आम्दानी

ख) पहाड र हिमाल पदयात्राबाट आम्दानी

ग) धार्मिक र व्यापारिक पर्यटकबाट आम्दानी

४) खनिजको सम्भाव्यता


५) ढुéा र बालुवाबाट आम्दानी


६) जडीबुटीको सम्भाव्यता

७) कृषिबाट हुने आम्दानी

क) मुख्य बाली, नगदेबाली, फलफूल र तरकारी खेती

ख) पशुपालन






जम्मा प्राकृतिक श्रोतको नक्सा

माथि दिइएको नक्शामा जति धेरै गाढा रङ छ त्यति नै धेरै प्राकृतिक श्रोत सम्पन्न जिल्ला हो र सोही अनुसार बढी आम्दानी हुन सक्ने संभावनायुक्त जिल्ला हो भनि बुझिन्छ ।

धर्म, संस्कृति र जातीगत संरक्षण, संबर्धन र सो बाट ब्यक्ति या समूहको पहिचान एक प्रमुख मुद्धा हो । तर पहिचानले मात्र मानव र समुदायको विकास संभव छैन । कुनै पनि व्यक्ति या समूहको एकल पहिचान मात्र हुंदैन । हरेक व्यक्ति र समूहको एक भन्दा बढी पहिचान हुन्छ । एकल पहिचानलाइ मात्र महत्व दिंदा करिव १५० भन्दा बढी जातीगत र भाषागत पहिचान नेपालमा पाईन्छ । जनसख्या सानो होस या ठूलो हरेक समूहले आफ्नो एकल पहिचान खोज्ने हो र सो आधारमा राज्यको पुनसंरचना गर्ने हो भने नेपाललाई एकल देशको स्वरुपमा राख्न अत्याधिक गाह्रो हुन्छ । त्यसैले बहुल पहिचान सहित प्राकृतिक श्रोत सम्पन्न राज्य मात्र भविष्यमा सफल राज्य हुन सक्छ ।

नेपाल अत्याधिक गरीब राज्यहरुको सुचीभित्रको एक राज्य हो । यस्ले विकासको मुख्य आधार प्राकृतिक श्रोत साधनको उचित व्यवस्थापनबाट हुने आम्दानीलाई बनाउनु पर्दछ । औद्योगिकीकरण भइसकेको चिन तथा भारत र उच्च प्रबिधिको विकास द्रुत गतीले अगाडी बढाइसकेको युरोप, अमेरिका, जापान आदि विकसित देशसंग नेपालको उत्पादनको कुनै Competition (प्रतिस्पर्धा) हुन सक्दैन । त्यसैले नेपाल लगायत सबै नै अति गरीब देशहरु प्राकृतिक श्रोतको दोहनबाट नै अगाडी बढ्नु पर्ने बाध्यता छ । हाम्रा कतिपय नेताहरु अलि दोधारमा बांचिरहेका छन् । जनतालाई sensitize (सचेत) गर्ने क्रममा हामी युरोप, अमेरीकासंग सबै क्षेत्रमा प्रतिशपर्धा गर्न सक्ने तथा चिन र भारतसंग पौठेजोरी खेल्ने सपना बांडेर सत्तामा जाने गर्दछौं । तर बास्तविकतामा त्यस्तो सम्भव छैन ।

हामीले हामीसंग भएको अत्याधिक सम्भाव्यता केमा छ र केमा छैन बुझ्न जरुरी छ । आधुनिक प्रबिधिको द्रुत विकास गरिरहेको अमेरिका र जापानसंग अन्यले प्रतिशपर्धा गर्ने कल्पना गर्दैनन् । अत्याधिक उत्पादन र बजारको केन्द्रमा रहेको चिन र भारतसंग युरोप र अमेरिका पनि डराउंदछन् । त्यसो हो भने नेपालको बलियो पक्षबारे बुझ्नु जरुरी छ । युरोप जतिसुकै धनी भए पनि सगरमाथा या अन्नपूर्ण हिमाल त्यहां बनाउन सक्दैन । भारतले चाहेर पनि अर्को फेवाताल र माछापुच्छ्रे हिमाल आफ्नो देशमा सार्न सक्दैन, या भनौं चिनले कर्णाली नदी दक्षिणतिर बहेकोलाई उत्तरतिर बहने गरी फर्काउन सक्दैन या दोलखामा भएको विश्वकै तेश्रो ठूलो म्यागनेसाईटको भण्डारलाई रातारात अर्को देशमा सार्न सक्दैन । यी सबै उदहरणहरुले हामी के निश्कर्षमा पुग्न सक्छौं भने प्राकृतिक श्रोत नै एक यस्तो श्रोत हो जस्मा नेपालको हात माथि परेको छ ।

यती धेरै प्राकृतिक श्रोतले भरिपूर्ण भए पनि यस्को आवस्यक दोहन हुन नसक्दा नेपाल र नेपाली अत्याधिक गरीबका गरीब नै रहेका छन् । हाल विकसित भएको राजनैतिक संस्कृतीले गर्दा यी प्राकृतिक श्रोत निकट भविष्यमा नै दोहन गर्न सकिन्छ भन्ने तर्फ धेरैले विश्वास गर्दैनन् । कतिपय प्राकृतिक श्रोत खेर गैरहेका छन्, जस्तैः जल-बिद्युत सम्पदा, कतिपय हराउने क्रममा छन् जस्तै चुरेमा रहेको ढुङा, बालुवा र यार्सागुम्बा जस्ता जडिबुटीहरु, कतिपय पुर्खाले नचलाईकन राखिदिएका छन्, जस्तै - म्यागनेसाईट,

तामा आदी खानीहरु बांकी छन् भने कतिपय तस्करीद्धारा सक्याईदैछन् जस्तै जंगली जनावर, काठ आदि ।

एकातिर प्राकृतिक श्रोतको स्थिती यस्तो छ भने अर्को तर्फ मना6मा यार्सागुम्बा टिप्न गएका गोर्खाका नेपालीहरु मारिन्छन्, २२ मेगावाट क्षमताको चिलिमे जलबिद्युत आयोजनाले जनतालाई सेयर बिक्रि गर्न गरेको प्रयास पनि ताला बन्दी आदिमा पुगि रोकिएको छ । प्राकृतिक श्रोतको दोहनले भविष्यमा उत्पन्न गर्ने द्वन्दको यो एक सानो उदाहरण मात्र हो । ठूला/ठूला प्राकृतिक श्रोतको उत्खनन् र दोहनले भविष्यमा ल्याउने बिकराल द्वन्दतर्फको यो एक Indication मात्र हो ।

यस्तो स्थितीमा हामी राज्य पुनर्संरचना गर्न गैरहेका छौं र हाम्रो मुख्य concentration एकल पहिचानको मुद्धालाई जोडेर राजनैतिक अग्राधिकार सहितको जातिय राज्य संरचनाको स्थापनामा जोड रहँदै आएको छ । राजनैतिक अग्राधिकार सहितको जातिय राज्य भन्नाले निश्चित जातीको ब्यक्ति नै राज्यको निश्चित कार्यकारी पदहरुमा रहनु पर्ने या निश्चित जातीको भोट अन्य जातीको भन्दा संख्यामा निश्चित गुणाले बढी हुनु पर्ने आदी हुन् । राजनैतिक अग्राधिकार सहितको जातिय राज्य लोकतन्त्र/ प्रजातन्त्रको आधारभुत मान्यता विपरीत हुन्छ । पिछडिएका जाति/जनजाति/ दलित र गरीबहरुको लागि विकासमा, जागीरमा र श्रोत लगायतका पहुंचमा विशेषाधिकार दिनु पर्दछ । अझ भन्ने हो भने यस्तो विशेषाधिकारको केन्द्रबिन्दुमा जातीगत भन्दा अत्याधिक गरीब र दलितलाई राखी निति तथा कार्यक्रम निर्माण गरीनु पर्दछ । यसले जातीगत द्वन्दतर्फ समाजलाई धकेल्नबाट बचाउंदछ भने बर्गीय समस्याहरु समाधान गर्न मद्धत गर्दछ ।

मार्क्सवादले जातिगत अग्राधिकारलाई महत्व दिएको पाईंदैन । हरेक उतार चढावलाई बर्गिय रुपमा चित्रण गरेको हुन्छ । सायद त्यती भएर होला नेपालमा धेरै कम्युनिष्ट नेताहरुले बिवाह गर्दा जातीगत लाईनलाई नाघेका होलान् । जस्तै :- झलनाथ खनाल, के. पि. ओली, ईश्वर पोखरेल, शंकर पोखरेल, डा. बाबुराम भट्टराई, प्रदिप नेपाल, अमृत बोहरा आदिले आफ्नै जातीमा बिवाह गरेका छैनन् । कतिलाई लाग्न सक्छ यो प्रेम बिवाह मात्र हो । तर यो प्रेम बिवाह भित्रको सैद्धान्तिक आधार भनेको अन्तर सांस्कृतिक र अन्तर जातिय बिवाहबाट समाजको रुपान्तरणको प्रयास हो यो । यो प्रयास प्रगतीसील पार्टीहरु र व्यक्तिहरुमा अत्याधिक प्रयोग भएको छ । नेपाली कांग्रेस भित्र पनि जातिगत लाईनलाई मेटाउन यस्ता प्रयास प्रसस्त भएका छन् । तर अफ्सोस तिनै पार्टीहरु आज जनतालाई भ्रमित पार्दै जातिगत राज्यको परिकल्पना गर्दैछन् । जातीगत राज्य बनेमा सो राज्यमा अग्राधिकार पाउन अव भविष्यमा कडा जातीगत concentration हुनेछ । आफ्नो जातीमा मात्र बिवाहवारीले प्रस्रय पाउनेछ । सुद्ध जातीगत बिहावारीबाट जन्मेको सुद्ध जातले मात्र राज्य संचालनमा बिशेषाधिकार पाउने छ । “मानिसको एउटै मात्र जाती हुनेछ ” भन्ने सोच भताभुe हुनेछ । नेवा राज्य भित्रको बर्चश्व पाउन शुद्ध नेवार नै हुनु पर्नेछ । झलनाथ खनाल या डा. बाबुराम भट्टराई या अमृत बोहराको सन्ततीले नेःवा राज्यमा चियाउनु

पर्दैन । त्यस्तै लिम्बुवान, थारुहट आदीमा पनि सोही स्थिति हुनेछ । बिजय गच्छदार या जे. पी. गुप्ताका सन्ततीले मधेश राज्यमा बिशेषाधिकार पाउने छैनन् ।

हामी कता जांदैछौं । अगाडी बढ्दैछौं या २०० वर्ष पछि धकेलिंदैछौं । प्रचुर प्राकृतिक श्रोत साधनले सम्पन्न नेपाल जातीगत द्धन्दतर्फ नधकेलौं । अझै समय बितिसकेको छैन । राजनैतिक भोट बैंकको स्वार्थबाट बाहिर निस्केर सम्बृद्ध समाज निर्माणको प्रयासमा जुट्ने हो कि ? आज भोटको लागि उठाइएका एकल जातीगत र एकल भाषागत नाराले हाम्रो आ-आफ्नै पार्टी मात्र नभई देशलाई पनि खाने त होईन, आजै ख्याल गरौं । यसो गरे भविष्यमा पछुताउनु नपर्ला ।

लेखक प्राकृतिक श्रोत र द्धन्द सम्बन्धि विषयमा Brandeis University बाट स्नाकोत्तर गरी Harvard University बाट सोही अनुसन्धानको लागि २००८ मा छात्रबृद्धि पुरस्कार प्राप्त गर्नु भएको । हाल वहां बरिष्ठ अनुसन्धान परामर्शदाताको रुपमा राष्ट्रिय शान्ति अभियानमा पनि संलग्न हुनुहुन्छ ।